**आकाशवाणी समाचार- नेपाली**

मितिः १४ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले क्षयरोग उन्मूलनका लागि प्रभावकारी रणनीतिमा जोड दिनुहुदै क्षयरोग उन्मूलनका लागि भारतको प्रतिबद्धता दोहोर्याउनु भएको छ ।
- प्रधानमन्त्री श्री नरेन्द्र मोदीले अप्रेसन सिन्दूरको क्रममा देशको रक्षा गर्ने सशस्त्र बलको साहस, शौर्यको प्रशंसा गर्नुभएको छ।
- केन्द्रीय इलेक्ट्रोनिक्स र सूचना प्रौद्योगिकी मन्त्री अश्विनी वैष्णवले नोएडा र बेंगलुरुमा दुई अत्याधुनिक सेमीकन्डक्टर डिजाइन सुविधाहरूको उद्घाटन गर्नुभएको छ।
- न्यायमूर्ति भूषण रामकृष्ण गवईले आज भारतको 52 औ मुख्य न्यायाधीशको रूपमा शपथ ग्रहण गर्नुहुनेछ।
- एसियाई भारोत्तोलन च्याम्पियनसिप २०२५ मा भारतीय भारोत्तोलन खेलाडी दिलबाग सिंहले चीनको जियाङशानमा पुरुष ९६ केजी तौल समूहमा नवौं स्थान हासिल गरेका छन्

**प्रधानमंत्री - राष्ट्रीय टीबी उन्मूलन कार्यक्रम - उच्च स्तरीय समीक्षा बैठक**

प्रधानमन्त्री नरेन्द्र मोदीले क्षयरोग उन्मूलनका लागि प्रभावकारी रणनीतिमा जोड दिनुहुदै क्षयरोग उन्मूलनका लागि भारतको प्रतिबद्धता दोहोर्याउनु भएको छ । उहाँले क्षयरोगको प्रारम्भिक पहिचान र सफल उपचारमा गत वर्ष भएको प्रगतिको प्रशंसा गर्नुभएको छ ।प्रधानमन्त्री नरेन्द्र मोदीले हिज नयाँ दिल्लीस्थित आफ्नो आवासमा राष्ट्रिय क्षयरोग उन्मूलन कार्यक्रम सम्बन्धी उच्चस्तरीय समीक्षा बैठकको अध्यक्षता गर्नुभयो । प्रधानमन्त्री श्री मोदीले हालै सम्पन्न एक सौ दिने क्षयरोग मुक्त भारत अभियानको समीक्षा गर्नुभयो । पहिचान भएका जिल्लाहरुलाई यस अभियानमा समावेश गरिएको थियो । जसमा १२ करोड ९७ लाख सम्भावित बिरामीको जाच गरिएको थियो। तीमध्ये ७ लाख १९ हजार क्षयरोगका बिरामी भेटिएका थिए। बैठकको क्रममा प्रधानमन्त्री श्री मोदीले शहरी वा ग्रामीण क्षेत्रका क्षयरोगका बिरामी र तिनका पेशाको पहिचान गर्नुपर्नेकुरामा जोड दिनुभएको छ । यसले प्रारम्भिक पहिचान र उपचार आवश्यक पर्ने समूहको पहिचान गर्न सहयोग पुग्ने उहाँको भनाइ रहेको छ। उहाँले निर्माण, खानी, टेक्सटाइल मिललगायत क्षेत्रमा काम गर्ने श्रमिकलाई विशेष ध्यान दिन आग्रह गर्नुभएको छ । बैठकमा केन्द्रीय स्वास्थ्य मन्त्री जेपी नड्डाए प्रधानमन्त्रीका प्रमुख सचिव डा पीके मिश्र र अन्य वरिष्ठ अधिकारीहरू उपस्थित हुनुहुन्थ्यो।

**प्रधानमंत्री नरेंद्र मोदी - पाकिस्तान -संदेश**

प्रधानमन्त्री नरेन्द्र मोदीले पाकिस्तानलाई कडा सन्देश दिंदै भन्नुभएको छ - 'पाकिस्तानमा अब कुनै पनि ठाउँ बाँकी छैन जहाँ आतङ्ककारीहरू शान्ति संग बस्न सकून्। उहाँले भन्नुभयो -, 'भारतसँग आतंकवादीको घरभित्र पसेर उनीहरूलाई मार्न सक्ने क्षमता छ। प्रधानमन्त्री श्री मोदीले पञ्जाबको आदमपुरमा एयर फोर्स स्टेसनमा हिज भारतीय वायु सेनाका जवानहरुलाई सम्बोधन गर्दै उक्त कुरा बताउनु भएको हो । अप्रेसन सिन्दूरको सफलताको प्रशंसा गर्नुहुदै प्रधानमन्त्री श्री मोदीले अप्रेसन सिन्दूरको क्रममा देशको रक्षा गर्ने सशस्त्र बलको साहस, शौर्यको प्रशंसा गर्नुभएको छ।

**Byte-प्रधानमन्त्री -१**

**केंद्रीय इलेक्ट्रॉनिक्स और सूचना प्रौद्योगिकी मंत्री -सेमीकंडक्टर**

केन्द्रीय इलेक्ट्रोनिक्स र सूचना **प्रौद्योगिकी** मन्त्री अश्विनी वैष्णवले हिज नोएडा र बेंगलुरुमा दुई अत्याधुनिक सेमीकन्डक्टर डिजाइन सुविधाहरूको उद्घाटन गर्नुभएको छ। अत्याधुनिक ३ न्यानोमिटर चिप्स डिजाइन गर्ने यो देशकै पहिलो युनिट भएको उहाँले बताउनु भएको छ । नोयडामा पत्रकारहरूसँग बातचित गर्नुहुदै श्री वैष्णवले भन्नुभयो - यो प्रधान मन्त्री नरेन्द्र मोदीको देशमा एक ठूलो सेमीकन्डक्टर निर्माण तन्त्र स्थापना गर्ने दृष्टिकोणको अनुरुप रहेको छ।

**Byte- अश्विनी वैष्णव-२**

**विदेश मन्त्रालय**

विदेश मन्त्रालयले केन्द्र शासित प्रदेश जम्मु–काश्मिरसँग सम्बन्धित कुनै पनि मुद्दामा भारतको लामो समयदेखिको राष्ट्रिय अडान रहेको बताउँदै यी मुद्दालाई भारत र पाकिस्तानले द्विपक्षीय रूपमा सम्बोधन गर्नुपर्ने बताएको छ। नयाँ दिल्लीमा विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले भारतले पाकिस्तान अधिनस्थ काश्मिरको विषयमा मात्र वार्ता गर्ने बताउनु भएको छ ।

**Byte- रणधीर जैसवाल-३**

**दूरसंचार विनियामक प्राधिकरण-ट्राई- डिजिटल कनेक्टिविटी विनियमन 2024**

भारतीय दूरसञ्चार बिनियामक प्राधिकरण(ट्राई)ले डिजिटल कनेक्टिभिटी २०२४ का लागी सम्पत्तिहरूको रेटिङ अन्तर्गत सम्पत्तिहरुको रेटिङको आकलनको निम्ति मसौदा जारी गरेको छ। सञ्चार मन्त्रालयले रेटिङ म्यानुअलले डिजिटल कनेक्टिभिटी रेटिङ एजेन्सीहरुद्वारा सम्पत्तिहरुको रेटिङका लागि एकसमान मुल्यांकन पद्दति अपनाउने बताएको छ। यसले सम्पत्ति प्रबन्धकहरूको लागि उनीहरूको सम्पत्तिहरूमा डिजिटल कनेक्टिभिटी बुनियादी ढाचा निर्माण गर्न एक मानक सन्दर्भ पनि प्रदान गर्नेछ। यसबाहेक, ड्राफ्ट रेटिङ म्यानुअलले विभिन्न श्रेणीहरूमा सम्पत्तिहरू र क्षेत्रहरूको डिजिटल कनेक्टिभिटी को आकलन गर्न को लागी एक पद्धति प्रदान गर्दछ।

**केन्द्रीय कृषि - छत्तीसगढ़ के अंबिकापुर**

केन्द्रीय कृषिमन्त्री शिवराज सिंह चौहानले हिज छत्तीसगढको अम्बिकापुरमा प्रधानमन्त्री आवास योजना–ग्रामीणका लाभग्राहीलाई चाबी हस्तान्तरण गर्नुभएको छ । कृषि सङ्कल्प अभियान अन्तर्गत कृषि वैज्ञानिकहरूको एक टोलीले आगामी २९ मई देखि छत्तीसगढका विभिन्न जिल्लाहरुमा किसानहरूलाई कृषि तकनिकमा प्रशिक्षण दिने उहाँले बताउनु भएको छ I उहाँले विकसित भारतको परिकल्पनालाई साकार पार्न उन्नत गाउँ र समृद्ध किसानको अवधारणालाई प्राथमिकता दिन आवश्यक रहेको बताउनु भएको छ । केन्द्रीय मन्त्रीले 'अमृत सरोवर' योजनालाई स्थानीय आजीविका सँग जोड्न् कुरामा जोड दिनुभएको छ ।

**Byte- शिवराज चौहान -४**

**न्यायमूर्ति भूषण रामकृष्ण गवई - 52वें मुख्य न्यायाधीश - शपथ**

न्यायमूर्ति भूषण रामकृष्ण गवईले आज भारतको 52 औ मुख्य न्यायाधीशको रूपमा शपथ ग्रहण गर्नुहुनेछ। राष्ट्रपति द्रौपदी मुर्मूले उहाँलाई राष्ट्रपति भवनमा आयोजित विशेष समारोहमा पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुहुनेछ। न्यायमूर्ति बीआर गवई आज सेवानिवृत्त न्यायमूर्ति संजीव खन्नाको स्थान लिनुहुनेछ I

**23 सितंबर -आयुर्वेद दिवस**

सरकारले प्रत्येक बर्ष २३ सितम्बरलाई आयुर्वेद दिवसको रुपमा मनाउने तिथि तय गरेको छ। आयुष मन्त्रीले एक बयानमा भनेको छ - यसलाई राजपत्र अधिसूचना द्वारा सूचित गरिएको छ। यसअघि धनतेरसको दिन आयुर्वेद दिवस मनाइँदै आएको थियो । आयुर्वेदलाई वैज्ञानिक, प्रमाणमा आधारित र समग्र चिकित्सा पद्धतिको रूपमा प्रबर्धन गर्न हरेक वर्ष आयुर्वेद दिवस मनाइँदै आएको छ। आयुर्वेदले निवारक स्वास्थ्य सेवा र आरोग्यमा महत्त्वपूर्ण भूमिका खेल्दछ।

**देश रक्षा बजट**

देशको रक्षा बजेट बर्ष २०१३-१४ मा २ दुई लाख 53 हजार करोड़ रुपियाँ बाट बढेर बर्ष 2025-26 मा छ लाख 81 हजार करोड़ रुपियाँ भएको छ। रक्षा मन्त्रालयले रणनीतिक सुधार, निजी क्षेत्रको सहभागिता र नवचारले स्वदेशी उत्पादनलाई बढावा दिएको उल्लेख गरेको छ। यसले भारतलाई आत्मनिर्भर र वैश्विक रूपमा भरपर्दो रक्षा निर्यातक बनाएको छ साथै राष्ट्रिय सुरक्षा र आर्थिक विकासलाई पनि मजबुत बनाएको छ।

**कोइला -आयात**

बर्ष २०२४ को अप्रेल देखि बर्ष २०२५ को फरवरीसम्म कोइला आयात अघिल्लो वित्त वर्षको सोही अवधिको तुलनामा ९.२ प्रतिशतले कम रहेको छ । कोइला मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'गत वर्षको अप्रेल देखि यस वर्षको फरवरी सम्मको अवधिमा देशको कोइला आयात २२ करोड टनभन्दा केही अधिक छ, जुन अघिल्लो वित्त वर्षको सोही अवधिमा लगभग २४ करोड २० लाख टन थियो।

**प्रधानमंत्री नरेन्द्र मोदी - मेड इन इंडिया रक्षा उपकरण**

प्रधानमन्त्री नरेन्द्र मोदीले 'मेड इन इन्डिया' रक्षा उपकरणमा जोड दिएपछि भारतीय रक्षा कम्पनीहरूको शेयरमा ९ प्रतिशतले वृद्धि भएको छ। अप्रेसन सिन्दूरपछि राष्ट्रको नाममा सम्बोधन गर्नुहुदै प्रधानमन्त्री श्री मोदीले मेड इन इन्डिया सैन्य उपकरणको समय आएको बताउनु भएको छ ।

**ऑपरेशन सिंदूर - राष्ट्रव्यापी संपर्क अभियान**

अप्रेसन सिन्दूर सम्बन्धी ११ दिवशीय राष्ट्रव्यापी अभियान हिजदेखि शुरु भएको छ। मुख्यतया तिरंगा यात्रा नाम दिइएको यो अभियानले पाकिस्तान विरुद्ध भारतीय सेनाको सफलतालाई जनतामाझ पुर्याउनेछ। यो अभियान २३ मईसम्म चल्नेछ।

**पंजाब -विषाक्त मद्पान मृत्यु**

पञ्जाबमा विषाक्त मदिरासेवनका कारण मृत्यु हुनेको संख्या २१ पुगेको छ। अमृतसरको मजिठा विधानसभा निर्वाचन क्षेत्रका चार गाउँका मानिसहरूले गत राति इथानोलबाट बनेको नक्कली मद पिएका थिए। मुख्यमन्त्री भगवन्त सिंह मानले मृतकका परिवारलाई भेटेपछि घटनाका दोषीहरुलाई नछोड्ने बताउनु भएको छ । यसैबीच, दुई जना आबकारी अधिकारी, एक जना पुलिस उपाधीक्षक र एक जना थाना प्रमुखलाई निलम्बित गरिएको छ।

**राज्यमन्त्री डा जितेन्द्र सिंह- बंकर निर्माण**

केन्द्रीय प्रधानमन्त्री कार्यालयका राज्यमन्त्री डा जितेन्द्र सिंहले हीरानगर सेक्टरका सीमावर्ती बासिन्दाका लागि ६ सय नयाँ बंकर निर्माण गर्ने घोषणा गर्नुभएको छ । आकाशवाणी जम्मु संवाददाता अनुसार केन्द्रीय मन्त्रीले सीमावर्ती बासिन्दाहरूको सुरक्षाका लागि २ हजार व्यक्तिगत बंकर र सामुदायिक बंकरहरू निर्माण भइसकेको बताउनु भएको छ l

**कान्स फिल्म महोत्सव**

७८ औं कान्स फिल्म महोत्सव फ्रान्सको फ्रेन्च रिवेरामा आकर्षक रेड कार्पेट र रंगारंग समारोह को साथमा शुरु भएको छ। १२ दिनसम्म चल्ने महोत्सवमा विश्व सिनेमाका केही उत्कृष्ट फिल्महरु प्रदर्शन हुनेछन्। उद्घाटन समारोहमा अमेरिकी अभिनेता, निर्माता तथा निर्देशक रोबर्ट डी निरोलाई मानार्थ पाल्मे डी'ओर बाट सम्मानित गरिएको छ । यो महोत्सव मार्फत भारत एकपटक ग्लोबल सिनेम्याटिक स्टेजमा चम्किने भएको छ। सन् १९७० मा रिलिज भएको सत्यजित रेको फिल्म 'अरानियर दिन रात्रि' क्लासिक्स सेक्शनमा प्रदर्शन हुनेछ।

**चीन एशियाई भारोत्तोलन चैंपियनशिप 2025 – भारत**

एसियाई भारोत्तोलन च्याम्पियनसिप २०२५ मा भारतीय भारोत्तोलन खेलाडी दिलबाग सिंहले चीनको जियाङशानमा पुरुष ९६ केजी तौल समूहमा नवौं स्थान हासिल गरेका छन्। यसअघि महिला ६४ केजी तौल समूहमा भारतकी सेरम निरुपमा देवी

२०६ केजीका साथ चौथो स्थानमा रहेकी थिइन् । भारतका दुई भारोत्तोलक निरुपमा देवी र दिलबाग सिंहले मात्र प्रतियोगितामा भाग लिएका थिए ।

****** ० ******